# सिद्धबाबा सुरुङमार्ग मंसिरमै खुल्ने, निर्माण अन्तिम चरणमा




■ सौर्य समाचार

पाल्पा । सिद्धबाबा सुरुङमार्गमा आगामी मंसिरदेखि सवारीसाधन सञ्चालनमा ल्याउने लक्ष्यसहित निर्माणको बाँकी काम तीव्र पारिएको छ । बुटवलस्थित सिद्धबाबा सुरुङमार्ग योजना कार्यालयले मुख्य सुरुङसँगै आवश्यक पूर्वाधार निर्माणलाई अन्तिम चरणमा पुन्याएर सञ्चालनको तयारी गरिरहेको जनाएको छ ।

आयोजना प्रमुख नवराज बास्तोलाका अनुसार सुरुङभित्र सडक निर्माण तथा अधिकांश सिभिल संरचनाको काम सम्पन्न भइसकेको छ । अहिले सडकमा पिच गर्ने र रङरोगन गर्ने काम भइरहेको छ भने टेक्निकल भवनको फिनिसिङ पनि जारी छ । बाँकी इलेक्ट्रोमेकानिकलसम्बन्धी काम सम्पन्न गरेपछि मंसिर १५ गतेभित्र सवारी सञ्चालन गर्ने लक्ष्य राखिएको उनले बताए ।

बर्खा र भोटेकोसीमा आएको बाढीका कारण निर्माण सामग्री ढुवानीमा ढिलाइ हुँदा यसअघि तय गरिएको सञ्चालन समय करिब १ महिना पछि सरेको हो । बाढीले सुरुङमार्गका लागि ल्याइएका केही विद्युतीय सामग्रीसमेत बगाएपछि निर्माण प्रभावित भएको आयोजना कार्यालयले जनाएको छ । नयाँ सामग्री १-२ दिनभित्रै आएपछि सुरुङभित्रको बाँकी कामलाई तीव्रता दिइने बास्तोलाले बताए ।

योजना कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर सौम्य आनन्दका अनुसार आयोजनाको हालसम्म भौतिक प्रगति ६९.७० प्रतिशत र वित्तीय प्रगति ६३.५५ प्रतिशत पुगेको छ । मुख्य सुरुङ र बाइपास सुरुङ खन्ने, लाइनिङ, १४ वटा कल्भर्ट तथा सुरुङभित्रको प्रिमेन्ट निर्माणको काम सम्पन्न भइसकेको छ । तिनोटा बाइपाससमेत निर्माण गरिएको छ ।

सुरुङभित्रको काम पूरा भएपछि बाहिरी सडक क्षेत्रलाई पहिरो तथा ढुंगा खस्ने जोखिमबाट सुरक्षित बनाउने काम अघि बढाइनेछ । यसका लागि रकसेड, रकफल ब्यारियर तथा स्लोप प्रोटेक्सनलगायत संरचना निर्माण गरिने इन्जिनियर आनन्दले जानकारी दिए ।

१ हजार १२६ मिटर लामो सुरुङमार्ग निर्माणका लागि २०७८ फागुनमा ठेक्का सम्झौता भएको थियो भने २०७९ सालमा निर्माण सुरु गरिएको हो । चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसनले ७ अर्ब ३४ करोड २१ लाख ४० हजार रुपैयाँमा आयोजनाको ठेक्का लिएको हो ।

सिद्धार्थ राजमार्गको तल्लो सिद्धबाबा मन्दिरदेखि पाल्पाको दोभानसम्मको क्षेत्रमा पहिरोको उच्च जोखिम रहेकाले यात्रालाई सुरक्षित बनाउन सुरुङमार्ग निर्माण गरिएको हो । सुक्खायाममा समेत सुक्खा पहिरो खस्ने यस क्षेत्रमा सुरुङ सञ्चालनमा आएपछि यात्रु तथा सवारीसाधनलाई जोखिम कम हुने अपेक्षा गरिएको छ ।

आयोजना सञ्चालनमा आएपछि लुम्बिनी प्रदेशका गुल्मी, अर्घाखाँची, पाल्पा र प्युठान तथा गण्डकी प्रदेशका स्याङ्जा, पर्वत, बागलुङ र म्याग्दीका नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् ।

# भरतपुर अस्पतालमा बढे सर्पदंशका बिरामी




■ सौर्य समाचार

चितवन । भरतपुर अस्पतालमा सर्पदंशका बिरामीको संख्या पछिल्लो समय बढ्दो देखिएको छ । गत वर्षभरमा ४९१ जना सर्पदंशका बिरामी उपचारका लागि आएकामा चालु वर्षको साउन र भदौ २ महिनामै १२२ जना अस्पताल पुगेका छन् । चालु वर्षको २ महिनाको तथ्यांक गत वर्षभरको कुल बिरामी संख्याको करिब २५ प्रतिशत हो । यस वर्ष साउनमा ५६ र भदौमा ६६ जना सर्पदंशका बिरामी उपचारका लागि आएको अस्पतालका आकस्मिक कक्ष प्रमुख अलाउदिन मियाँले जानकारी दिए ।

उनका अनुसार २ महिनामा आएका बिरामीमध्ये १२ जनालाई विषालु सर्पले टोकेको थियो । उनीहरूलाई 'एन्टिस्नेक भेनम' प्रयोग गरिएको थियो । एन्टिस्नेक भेनम आवश्यक पर्ने बिरामीलाई सघन उपचार कक्षमा राखेर उपचार गर्ने गरिएको उनले बताए ।

अस्पतालको तथ्यांक अनुसार वर्षातको २ महिनामै उल्लेख्य संख्यामा बिरामी आउने गरेको देखाएको छ । यद्यपि, चालु वर्षको वार्षिक अवस्था कस्तो हुन्छ भन्ने निष्कर्ष निकाल्न बाँकी महिनाको तथ्यांक आवश्यक हुन्छ । चितवनसहित नवलपुर, मकवानपुर, तनहुँलगायत जिल्लाबाट सर्पदंशका बिरामी उपचारका लागि भरतपुर अस्पताल आउने गरेका छन् । वर्षातको समयमा सर्पदंशका घटना बढी हुने र विशेषगरी खेतीपाती गर्ने समयमा यसको जोखिम बढ्ने गरेको मियाँले बताए ।

विषालु सर्पले डसेमा पेट दुख्ने, कमजोरी महसुस हुने, आँखाको परेला झर्ने, हातखुट्टा चलाउन नसक्ने, वान्ता हुने तथा बेहोस हुनेजस्ता लक्षण देखिन सक्ने उनले बताए । विष नभएको सर्पले डस्दा भने टोकेको ठाउँमा घाउ हुने र सुन्निने मात्रै हुने गरेको उनको भनाइ छ ।

रूखमा पाइने हरियो सर्पले डस्दा रक्तश्राव बढी हुने तथा टोकेको ठाउँ सुन्निनेजस्ता लक्षण देखिन सक्ने उनले जानकारी दिए । सर्पले टोकेमा बिरामीलाई दौडिन, हिँड्न वा धेरै चलहल गर्न नदिई सकेसम्म चाँडो नजिकको स्वास्थ्य संस्थामा लैजानुपर्ने मियाँले बताए । उनले सर्पले टोकेको स्थानमा अनावश्यक काट्ने, चुस्ने वा घरेलु उपचार गर्नेभन्दा तत्काल अस्पताल पुन्याउन आग्रह गरेका छन् ।

चितवन आसपासका क्षेत्रमा कोब्रा, करेत र भाइपर जातका विषालु सर्प पाइने गरेका छन् । वर्षात् तथा खेतीपातीको समयमा सर्पदंशको जोखिम बढी हुने भएकाले सावधानी अपनाउन चिकित्सकले सुझाव दिएका छन् ।

**कालिञ्चोक याक एण्ड एग्रो फरेष्ट्रि टुरिजम रिसर्च सेन्टर लि.**

**छैठौं वार्षिक साधारण सभा स्थगन सम्बन्धी सूचना**

मिति २०८३/०५/२० गते सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित यस कालिञ्चोक याक एण्ड एग्रो फरेष्ट्रि टुरिजम रिसर्च सेन्टर लि. को मिति २०८३/०६/१० गते, बिहान ११ बजे, मकालु ग्रुप अफ कम्पनीको सभाकक्ष, का.म.पा-१४, कलंकी ट्रेड सेन्टर, कलंकी चोक (तेस्रो तल्ला) मा बस्ने भनिएको छैठौं वार्षिक साधारण सभा विविध एवम् प्राविधिक कारणले स्थगित गर्नुपरेकोले संचालक समितिको निर्णय अनुसार अर्को सूचना प्रकाशित नभएसम्मको लागि स्थगन गरिएको व्यहोरा अनुरोध गरिन्छ । साथै, यस कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको शेयर लगत अद्यावधिक गर्नका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य आवश्यक भएकोले यथाशीघ्र चाँडो उपलब्ध गराइदिनु पनि सूचित गरिन्छ ।

संचालक समितिको आज्ञाले
प्रदिप शिवाकोटी, कम्पनी सचिव

**ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८३/०६/०८ गते

यस माछापुच्छ्रे बैंक लि. तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपाई तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गर्नु भएको कर्जाको साँवा, ब्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अधि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा ब्याज, थप ब्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, ब्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय : सखुवा महेन्द्रनगर**

**ऋणीको नाम, ठेगाना**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय धनुषा, जनकपुरधाममा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता कायम भएको **लालु मत्स्य पालन** ।
प्रा.फ.द.प्र.प.नं. ९१५२/५५२/०७३/७४, दर्ता मिति : २०७४/०१/१३, पान नं. ६०६०८६४२६, दर्ता मिति : २०७४/०१/१३
ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७, **प्रोप्राईटर : सुकन मुखिया विन**

**व्यक्तिगत जमानतकर्ताहरु**

| | |
|---|---|
| **१. सुकन मुखिया विन**<br>ना.प्र.नं. १७३०५०/९७७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०३<br>बाबु : सोमन मुखिया विन<br>बाजे : रघुनन्दन मुखिया<br>ठेगाना : धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. वडा नं. ५<br>हाल : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ | **२. उर्मिला देवी मुखिया**<br>ना.प्र.नं. १७३०५०/११४६, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/०४<br>बाबु : तपसी मुखिया<br>पति : सुकन मुखिया विन, ससुरा : सोमन मुखिया विन<br>ठेगाना : धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. नं. ५<br>हाल : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ |

**३. लालु मुखिया**
ना.प्र.नं. १७-०१-७४-०५९०२, जि.प्र.का. धनुषा, जारी मिति : २०७४/०५/११
बाबु : सुकन मुखिया विन, बाजे : सोमन मुखिया विन
ठेगाना : धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७

**धितोमा रहेको सम्पतिको विवरण**

१. रघुनन्दन मुखियाको नाति, सोमन मुखिया विनको छोरा, धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ बस्ने सुकन मुखिया विनको नाममा भूमि प्रशासन कार्यालय धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. वडा नं. ५ स्थित कि.नं. १२६३ र १४८८ को क्षेत्रफल क्रमश: ०-२-१-४ (बि.क.धु.क.)/६९८.४४ (ब.मि.) र ०-०-१०-४ (बि.क.धु.क.)/१७२.७१ (ब.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. सोमन मुखिया विनको बुहारी, सुकन मुखिया विनको पत्नी, तपसी मुखियाको छोरी धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. नं. ५ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. ७ बस्ने उर्मिला देवी मुखियाको नाममा भूमि प्रशासन कार्यालय धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, यज्ञभूमी गा.वि.स. वडा नं. ५ स्थित कि.नं. १४९५ को क्षेत्रफल ०-०-१४-० (बि.क.धु.क.)/२३७.०५ (ब.मि.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय : ढल्केबर**

**ऋणीको नाम, ठेगाना**

प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुरधाम, धनुषामा औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५ बमोजिम दर्ता कायम भएको **सिर्जना पोल्ट्री फार्म** ।
दर्ता नं. १२१८५/५८/०७७/७८, दर्ता मिति : २०७७/०४/१४, पान नं. ६१३४२५५११, दर्ता मिति : २०७७/०४/१५
ठेगाना : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. १, **प्रोप्राईटर : सुरेश कुमार महतो**

**व्यक्तिगत जमानतकर्ताहरु**

| | |
|---|---|
| **१. सुरेश कुमार महतो**<br>ना.प्र.नं. १७१४७८२७६३, जि.प्र.का. धनुषा<br>जारी मिति : २०५४/११/०३<br>बाबु : राम बिलास महतो<br>बाजे : रामजी महतो<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवाश गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. २ | **२. शान्ती देवी महतो**<br>ना.प्र.नं. १७३०८९/४१७, जि.प्र.का. धनुषा<br>जारी मिति : २०६३/१२/२१<br>बाबु : राम औतार महतो<br>पति : सुरेश कुमार महतो, ससुरा : राम बिलास महतो<br>ठेगाना : धनुषा जिल्ला, लक्ष्मीनिवाश गा.वि.स. वडा नं. ७<br>हाल : धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. २ |

**धितोमा रहेको सम्पतिको विवरण**

१. रामजी यादवको नाति, राम बिलास महतोको छोरा, धनुषा जिल्ला, लक्ष्मीनिवाश गा.वि.स. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, बटेश्वर गा.पा. वडा नं. २ बस्ने सुरेश कुमार महतोको नाममा हाल भूमि प्रशासन कार्यालय ढल्केबर, धनुषामा दर्ता कायम भएको धनुषा जिल्ला, भुचकपुर गा.वि.स./न.पा. वडा नं. ९ ख स्थित कि.नं. १२७ को क्षेत्रफल ०-२-१०-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत ।
२. ऋणी सिर्जना पोल्ट्री फार्मले बैंकलाई लेखिदिएको मौज्दात तथा चल सम्पत्तिको धितो सम्बन्धी सम्झौता (Hypothecation Agreement) बमोजिमको सम्पत्ति र हक हस्तान्तरण सम्बन्धी सम्झौता पत्र (Assignment Agreement) बमोजिम भुक्तानी प्राप्त गर्ने रकमहरु ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
**कोशी अस्पताल**
विराटनगर, मोरङ

**बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३/०६/०८

कोशी अस्पताल विराटनगर, मोरङबाट तपसिल बमोजिमको हार्डकपी बोलपत्र आहवान गरिएको छ । बोलपत्र सम्बन्धी विस्तृत विवरण कोशी अस्पतालको Website: info@koshihospital.gov.np बाट जानकारी लिन सकिनेछ ।

तपसिल:-

| बोलपत्र नं. | बोलपत्रको नाम | बोलपत्र जमानत रु | बोलपत्रको प्रकार |
|---|---|---|---|
| KH/NCB/G/03/2083-84 | Procurement of Electric Items | ६००००.०० | Package Wise |

प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

**खनियाबास गाउँपालिका**
ཁ་ནི་ཡ་བྷས་གཡུ་བ་ལི་ཀ།
**गाउँ कार्यपालिकाको कार्यालय**
दार्खा, धादिङ, बागमती प्रदेश, नेपाल

**आ.ब. २०८३/०८४ को लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, रोडा ग्राबेलको बिक्री शुल्क संकलनको ठेक्का सम्बन्धी (Hard Copy) बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति:२०८३/०६/०८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २(घ) को ६ मा व्यवस्था भए बमोजिम यस खनियावास गाउँपालिका क्षेत्रवत् आ.व.२०८३-०८४ को लागि देहाय बमोजिमको आन्तरिक आय संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यस गाउँपालिका बाट तोकिएको दररेटमा यस गाउँपालिका क्षेत्रभित्रबाट संकलन भई आन्तरिक खपत वा अन्यत्र निकासी पैठारीका लागि ढुङ्गा, गिट्टी, बालुवा, रोडा, रोडा ग्राबेल लिई गुड्ने सवारी साधन संग गाउँपालिकाबाट तोकिएको शर्तहरुको अधिनमा रही बिक्री शुल्क संकलन गर्नका लागि ठेक्क लिन इच्छुक (मु.अ.क दर्ता प्रमाण प्त्र, आ.व.२०८१/०८२ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म कम्पनी वा व्यक्तिबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरी यस गाउँपालिका क्षेत्र भित्रको लागि आवश्यक सम्पुण कागजातहरु संलग्न गरी सूचना भएको २३ औं दिनको कार्यालय समयभित्र बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु.(मु.अ.क.)बाहेक | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|
| खनियाबास गाउँपालिका क्षेत्र भित्र | रकम रु.४०,००,०००.०० (अक्षरेपि चालिस लाख मात्र) | रु.३,०००.०० | |

यस सम्बन्धी अन्य जानकारी तथा सूचना यस गाउँपालिकाको वेबसाइटमा अपलोड गरिएको छ । यस बारेमा थप केहि बुझ्नुपरेमा सम्पर्क नं.९८५१३३२४५८ वा यस गाउँपालिकाको राजस्व शाखामा सम्पर्क राख्नु होला जानकारी गरिन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

**नबिल बैंक लिमिटेड, ललितपुर शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

(प्रकाशित मिति: २०८३/०६/०८)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरनाकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/२/६ को मध्यान्ह दैनिक पत्रिकामा** प्रकाशित गरि एकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल/अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परि माणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको **१५ (पन्ध्र) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **ललितपुर शाखा, ललितपुरमा** आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा फरफारक गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमो जिम बैंक आफैंले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानुन बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

हजारी चौधरी कलवारको नाती, रामपरिक्षण चौधरी कलवारको छोरा, महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०५ बस्ने, ना.प्र.न. २०८६४१८७ (जारी मिति: २०५३-०५-०६ स्थान महोत्तरी), भएका **जिवछ कुमार चौधरी** ।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

दरमंगी चौधरी कलवारको नाती, हजारी कलवार चौधरीको छोरा, महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स.वडा नं.०४ बस्ने, ना.प्र.न. २०८६०५२५ (जारी मिति: २०३४/०६/२४ स्थान महोत्तरी), भएका **रामपरिक्षण चौधरी कलवार** ।

**धितोको विवरण**

धितोमा रहेको सेयर:
१. महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०५ बस्ने, **जिवछ कुमार चौधरी** को नाममा दर्ता भई यस बैंकको पक्षमा सेयर धितो रहेको छिमेक लघुवित्त विकाश बैंक लि.को सम्पूर्ण सेयरहरु ।
२. महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ०४ बस्ने, **रामपरिक्षण चौधरी कलवार** को नाममा दर्ता भई यस बैंकको पक्षमा सेयर धितो रहेको छिमेक लघुवित्त विकाश बैंक लि. को ६०६० कित्ता सहित बैंकको पक्षमा कायम रहेका सम्पूर्ण सेयरहरु ।

लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ललितपुर शाखा, ललितपुरबाट** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/६/२२ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ललितपुर शाखा, ललितपुरमा** बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/६/२३ गते ३:०० बजे बैंकको **ललितपुर शाखा, ललितपुरमा** उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफूले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसंग लेखिएको हुनु पर्नेछ र आफूले कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिइने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफूले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै ब्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुन्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन । साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुन: धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ । सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा ललितपुर शाखा, ललितपुरमा** कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४१७२४५२, ९८०१६७२४७४